प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सरकारी विज्ञापन रोक्ने निर्णय फिर्ता गर

'मलाई बोल्न दे सरकार, अपराध होइन मन खोल्न दे दरबार' युवाहरूमाझ लोकप्रिय यो गीतका रचनाकार र गायक हुन् बालेन्द्र शाह । कुनैबेला यही गीतबाट चर्चामा छाएका शाह अहिले प्रधानमन्त्री बनेका छन् । उनै शाहले प्रधानमन्त्री बनेको पाँचौं दिनमा जनताले बोल्नै नपाउनेगरी निर्णय गरेका छन् । चैत १३ गते सिंहदरबार छिरेका शाहले चैत १८ गते जनताको पीरमर्का बोल्ने निजी क्षेत्रको सञ्चारमाध्यमको घाँटी न्याक्नेगरी सरकारी निकायहरूमा परिपत्र गरेका हुन् ।

उक्त परिपत्रमा भनिएको मूल विषय हो- अब सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिनू । सरोकारवालासँग कुनै छलफल नगरी हठात् गरेको सरकारको यो निर्णयका कारण कयौं विज्ञापन एजेन्सी, कयौं छापाखाना र कयौं सञ्चार उद्योगी अन्योलमा परेका छन् । उद्योगीसँगै प्रत्यक्ष मारमा कयौं सञ्चारकर्मी, पत्रकार र कर्मचारी पनि बेरोजगारीको सूचीमा चढ्दै छन् । स्वरोजगार र साना मिडिया मारमा परेका छन् ।

स्थानीय मिडियाहरू बन्द हुँदै गर्दा बेलैमा सुसूचित हुन पाउने स्थानीय जनताको अधिकार पनि कुण्ठित हुने निश्चित छ । विज्ञापन सञ्चारमाध्यमको मुख्य आयस्रोत हो । यसैबाट हुने आम्दानीले नै निजी सञ्चारमाध्यमले कर्मचारीदेखि दैनिक कार्यसञ्चालन गर्छ । निजी सञ्चारमाध्यम जनताका आवाज हुन् । सरकारी सञ्चारमाध्यममा सरकारी गुनगानमात्र गाइन्छ । विज्ञापनको भारले सरकारी पत्रिकामा थप विषयहरू अट्न सक्दैनन् । अझ प्रमुख कुरा त प्रभावकारीरूपमा स्थानीय समाचार सम्प्रेषण हुने भनेको स्थानीय सञ्चारमाध्यममै हो ।

जनताले प्रतिदिन भोग्ने समस्याले सरकारी सञ्चारमाध्यममा ठाउँ पाउन मुस्किल हुन्छ । जनताका समस्यादेखि शासनमा बसेकाहरूले गर्ने अनियमितता उजागार गर्ने काम निजी सञ्चारमाध्यमले गर्दै आएका छन् । सरकारले विज्ञापन प्रकाशनमा भएको कमजोरी देखाउँदै निजी सञ्चारमाध्यमको कमाइ रोकेर घुमाउरो पारामा स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने तानाशाही कदम चालेको जोकोहीलाई थाहा भएकै कुरा हो । सरकारी विज्ञापनमा घोटाला भएको भए यसको नियमन गर्न सकिन्छ । विकल्प दिन सकिन्छ । तर अन्धधुन्दा किसिमले आर्थिक स्रोत बन्द गरिनु जायज छैन ।

त्यसैले सरकारको यो कदमको चौतर्फी विरोध सुरु भएको छ भने प्रदेश सरकार र स्थानीय सरकारले त उल्लंघन नै सुरु गरिसकेका छन् । सरकारको यो निर्णय केवल सरकारको गुनगान गाउने मिडियाको पक्षपोषणका लागि भएको घामझैं छर्लंग छ । चौतर्फी विरोध हुँदा पनि सरकार प्रमुख शाह चुइक्क बोलेका छैनन् । लोकतन्त्रमा बोल्न पाइन्छ । सरकारको कमजोरी छोप्ने सरकारी सञ्चारमाध्यमभन्दा करेक्सन गर्ने र झकझकाउने निजी सञ्चारमाध्यम नै सरकारको लागि हितकारी पनि हो । त्यसैले जनताले जितेको लोकतन्त्र दिवसकै दिन निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय फिर्ता गर ।

# गाउँको सिंहदरबार: नजिकको सरकार, टाढाको सुशासन


जंग तामाङ

"स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो । तर, योजना निर्माणदेखि कार्यान्वयनसम्म देखिएको वित्तीय अनियमितताले सुशासनको आधार नै कमजोर बनाइरहेको छ । अर्बौं रुपैयाँ बेरुजु, हजारौं उजुरी र अनियमित खर्चका घटनाले प्रणालीगत सुधारको आवश्यकता झन् प्रस्ट बनाएको छ । यदि कडा अनुगमन, पारदर्शी प्रणाली, डिजिटल वित्तीय व्यवस्थापन र राजनीतिक हस्तक्षेप नियन्त्रण नगर्ने हो भने स्थानीय शासनप्रतिको जनविश्वास थप कमजोर हुने निश्चित देखिन्छ ।"

जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहबाट राज्यको हुकुटी चुहिँदै छ । सडक, भवनजस्ता अनेक योजनाको नाममा विनियोजित बजेट धेरै त कागजमै सकिन्छ । यो अख्तियारले स्थानीय तहमा भएको भ्रष्टाचारको शैलीउपर गरेको अनुसन्धानको निष्कर्ष हो । अन्तिम बिल पास गरिदिने बहानामा 'सेटिङ' हुन्छ । सेटिङले काम तमाम हुन्छ । नियम कानुन मिचिन्छ । यो प्रवृत्ति प्रणालीकै हिस्सा बन्दै गएको छ । तथ्य र तथ्यांकले त्यसै भन्छ । यसबारे केही दृष्टान्त हेरौं

३० चैत २०८२ मा दैलेखको गुराँस गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत दीपककुमार आचार्यसहित आरके कन्स्ट्रक्सन र उक्त कम्पनीका सञ्चालक सुवास कार्कीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भयो । सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको आरोप छ । उनीहरूविरुद्ध जनही २२ लाख ४४ हजार ५०० रूपैयाँ बिगो मागदाबी गरिएको छ । गिट्टी, बालुवा, ढुंगा र ग्राभेल उत्खनन्, संकलन तथा बिक्री वितरणको ठेक्का सम्झौता गर्दा बैंक ग्यारेन्टी नलिई सम्झौता गरेर राजस्व हिनामिना गरे ।

त्यसको छ दिनअघि २४ चैत २०८२ मा अख्तियारले घुस लिएको अभियोगमा बर्दियाको बारबर्दिया नगरपालिकामा कार्यरत इन्जिनियर मोहनदेव मल्लविरुद्ध विशेष अदालतमा मुद्दा दायर गर्‍यो । भवन तथा बस्ती विकास शाखामा कार्यरत मल्लले वडा नम्बर ७ को एक विद्यालयको चार कोठे भवन निर्माण कार्यको अन्तिम बिल भुक्तानी गराउन सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग घुस मागेको आरोप लाग्यो । अख्तियार टोलीले उनलाई सेवाग्राहीबाट एक लाख ५० हजार रूपैयाँ घुस लिइसकेको अवस्थामा रंगेहात पक्राउ गर्‍यो । मल्लविरुद्धको भ्रष्टाचार मुद्दा पनि विशेष अदालतमा पुगेको छ ।

यी त केही प्रतिनिधिमूलक घटना । संघीय संरचना कार्यान्वयनपछि स्थानीय तहलाई विकास र सेवा प्रवाहको मुख्य आधार मानिएको थियो । तर, पछिल्ला वर्षहरूमा सार्वजनिक महालेखापरीक्षकको प्रतिवेदन तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरूले स्थानीय सरकारमा वित्तीय अनुशासन निकै कमजोर बन्दै गएको देखिएको छ । भ्रष्टाचार मौलाएको छ । सुशासन कमजोर बनेको छ । योजना निर्माणदेखि कार्यान्वयनसम्म र अनुगमनदेखि भुक्तानीसम्मका अनियमितता देखिनु सुशासनका लागि ठूलो चुनौती बनेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म २२ हजार ११३ वटा भ्रष्टाचारसम्बन्धी उजुरी परेका छन् । त्यसमध्ये स्थानीय तहमा भएको भ्रष्टाचारसम्बन्धी उजुरी संख्या यकीन छैन । तर, विगत वर्षहरूलाई आधार मान्दा स्वाभाविकरूपमा अधिक भ्रष्टाचारका उजुरी स्थानीय तहकै हुनुपर्छ । किनभने २०७४ सालमा स्थानीय तह गठनपछिका हरेक वर्ष केन्द्र र प्रदेश सरकारभन्दा सर्वाधिक भ्रष्टाचारका उजुरी स्थानीय तहकै हुने गरेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा परेका उजुरीमध्ये ५३.८४ प्रतिशत अर्थात् करिब १९ हजार ९३३ उजुरी स्थानीय सरकारसँग सम्बन्धित थियो । अख्तियारमा आर्थिक वर्ष २०८०/८१ मा २६ हजार ९८१ उजुरी परेकामा सबैभन्दा बढी स्थानीय तहका १४ हजार उजुरी थियो ।

आर्थिक वर्ष २०७९/८० मा कूल २० हजार ९०५ वटा उजुरी आयोगमा पर्दा ३५.९५ प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित छन् । २०७८/७९ मा २४ हजार ३३१ उजुरी परेका थिए । जसमध्ये ३३.१४ प्रतिशत उजुरी सथानीय तहसँग जोडिएका थिए । आर्थिक वर्ष २०७७/७८ मा २२ हजार ६२५ उजुरी आयोगमा परेकोमा ३२.७२ प्रतिशत उजुरी स्थानीय तह सम्बन्धित थियो ।

आर्थिक वर्ष २०७६/७७ मा २५ हजार १५२ उजुरी आयोगमा परेका थिए । कूल उजुरीको ३०.०७ प्रतिशत उजुरी स्थानीय तहसँगै जोडिएका थिए । आर्थिक वर्ष २०७५/७६ मा आयोगमा २४ हजार ८५ उजुरी परेका थिए । कूल उजुरीको २६.८७ प्रतिशत स्थानीय तहसँग सम्बन्धित थिए । आर्थिक वर्ष २०७४/७५ मा आयोगमा परेको कूल १९ हजार ४४८ उजुरीमध्ये १८.२ प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित थिए । यसले भ्रष्टाचारको केन्द्रबिन्दु स्थानीय तह बनेको देखाउँछ ।

महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदनअनुसार हालसम्म देशभर करिब सात खर्ब ३३ अर्ब १९ करोड बेरुजु असुल हुन बाँकी छ । आर्थिक वर्ष २०८०/८१ मा मात्र ९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु थपिएको छ । यसमध्ये स्थानीय तहको हिस्सा २५ अर्ब ३२ करोड रहेको छ, जुन कूल बेरुजुको उल्लेखनीय हिस्सा हो ।

योजना निर्माणदेखि कार्यान्वयनसम्मै कमजोरी

अख्तियारकै अध्ययनअनुसार स्थानीय तहमा भ्रष्टाचारको सुरुवात नै योजना निर्माण चरणबाट हुने गरेको देखिन्छ । धेरै स्थानीय तहमा योजना प्राथमिकताविना नै स्वीकृत गर्ने, बजेट विनियोजनमा पारदर्शिता नहुने तथा अखण्डा बजेट राख्ने प्रवृत्ति व्यापक छ ।

२०८०/८१ को विवरणलाई मात्रै आधार मान्ने हो भने ३१५ स्थानीय तहले छ अर्ब ५९ करोडभन्दा बढी अखण्डा बजेट स्वीकृत गरेको पाइएको थियो, जुन स्पष्टरूपमा वित्तीय अनुशासनविपरीत हो । ११६ स्थानीय तहले पुँजीगत शीर्षकको बजेटलाई नियमविपरीत चार अर्ब १० करोड रूपैयाँ रकमान्तर गरेका थिए । आर्थिक वर्षको अन्त्यतिर अत्यधिक रकमान्तर हुनु बजेट योजनाको कमजोर कार्यान्वयनलाई देखाउँछ ।

योजनाको प्राथमिकीकरण नगरी बजेट बाँडफाँड गर्नु, राजनीतिक प्रभावमा परियोजना छनोट हुनु तथा आवश्यकताभन्दा बाहिरका योजनामा रकम विनियोजन हुनु स्थानीय तहको दीर्घकालीन समस्या बनेको छ । यसबाहेक स्थानीय तहमा सबैभन्दा बढी अनियमितता देखिएको खरिद प्रक्रियामा हो । सार्वजनिक खरिद ऐन र नियमावलीको पालना नगरी सोझै खरिद गर्ने प्रवृत्ति व्यापक छ । निर्माण क्षेत्रमा उपभोक्ता समितिको दुरूपयोग अर्को ठूलो समस्या बनेको छ ।

जनसहभागिता कट्टी नगरी भुक्तानी दिने अर्को प्रवृत्ति पनि देखिएको छ । कतिपय स्थानीय तहले निर्माण सम्पन्न प्रतिवेदनबिना वा प्राविधिक परीक्षणविना भुक्तानी दिएको महालेखापरीक्षक कार्यालयको ६२औं प्रतिवेदनले औंल्याएको छ । यस्तो अभ्यासले गुणस्तरहीन संरचना निर्माणमा बढवा दिने भन्दै चिन्ता प्रकट हुने गरेको छ ।

स्थानीय तहमा कर्मचारी व्यवस्थापन पनि विवादास्पद बन्दै गएको छ । कानुनी व्यवस्थाविपरीत करार कर्मचारी नियुक्ति, दरबन्दीभन्दा बढी कर्मचारी राख्ने र राजनीतिक आधारमा नियुक्ति दिने प्रवृत्ति मौलाएको छ । स्वकीयसचिव र सल्लाहकार नियुक्ति गरेर राज्य कोषको दुरूपयोग भइरहेको छ । राजस्व, कोष व्यवस्थापन र वित्तीय अनुशासनको समस्या पनि उत्तिकै छ ।

स्थानीय तहमा राजस्व व्यवस्थापन कमजोर देखिन्छ । कतिपय तहले उठाएको रकम समयमै बैंक दाखिला नगर्ने, नगद व्यवस्थापनमा लापरवाही गर्ने र कर संकलनमा अनियमितता गर्ने भन्दै कतिपय स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिविरुद्ध अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर गर्दै आएको छ ।

ससर्त अनुदानको दुरूपयोग पनि अर्को गम्भीर समस्या हो । नियमअनुसार खर्च नभएको रकम संघीय कोषमा फिर्ता गर्नुपर्ने भए पनि त्यसलाई अन्य खातामा सारेर खर्च गर्ने प्रवृत्ति देखिएको छ । नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को उत्खनन र बिक्रीमा स्थानीय सरकारकै सहभागितामा व्यापक अनियमितता भइरहेको छ । वातावरणीय प्रभाव मूल्यांकनको बेवास्ता, दोहोरो रसिद, र मिलेमतोमा ठेक्का दिने प्रवृत्ति देखिन्छ । यसले भ्रष्टाचारजन्य गतिविधि बढेको छ, जुन सुशासनको बाधक हो । अवैध क्रसर उद्योग दर्ता, नदी दोहन र राजस्व हिनामिनाका घटनाले स्थानीय तहमा आर्थिक स्वार्थ गहिरिँदै गएको देखाउँछ । यो गाउँको सिंहदरबारमा सुशासनको स्थिति चिन्ताजनक बन्दै गरेको तथ्य हो ।

### सामाजिक सुरक्षा र जनसेवामा पनि कमजोरी

सामाजिक सुरक्षाभत्ता वितरणमा पनि अनियमितता देखिएको छ । बैंकिङ प्रणाली पूर्णरूपमा लागू नभएको, लगत अद्यावधिक नभएको तथा अभिलेख मिलानमा कमजोरी रहेको पाइएको महालेखाले औंल्याएको छ । भ्रमण, कर्मचारी नियुक्तिमा पनि मापदण्ड पालना नगरेको देखिन्छ । अख्तियारको एक अध्ययन प्रतिवेदनका अनुसार स्थानीय तहमा भ्रष्टाचार बढ्नुका मुख्य कारणहरू अनेक कारण छन् । कमजोर अनुगमन प्रणाली, राजनीतिक हस्तक्षेप, पारदर्शिताको कमी, क्षमता अभाव, कानुन कार्यान्वयन कमजोर हुनु, रकमान्तर र अखण्डा बजेटको दुरूपयोग मुख्य कारण हुन् ।

सुशासन मामिलाका जानकारहरूका अनुसार अखण्डा बजेट र रकमान्तर प्रणाली नै घुमाएर भ्रष्टाचार गर्ने मुख्य माध्यम बनेका छन् । जबकि, स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो । तर, योजना निर्माणदेखि कार्यान्वयनसम्म देखिएको वित्तीय अनियमितताले सुशासनको आधार नै कमजोर बनाइरहेको छ । अर्बौं रूपैयाँ बेरुजु, हजारौं उजुरी र अनियमित खर्चका घटनाले प्रणालीगत सुधारको आवश्यकता झन् प्रस्ट बनाएको छ ।

यदि कडा अनुगमन, पारदर्शी प्रणाली, डिजिटल वित्तीय व्यवस्थापन र राजनीतिक हस्तक्षेप नियन्त्रण नगर्ने हो भने स्थानीय शासनप्रतिको जनविश्वास थप कमजोर हुने निश्चित देखिन्छ । स्थानीय तहलाई विकासको इन्जिन बनाउने हो भने वित्तीय अनुशासन र जवाफदेहितालाई प्राथमिकतामा राख्नु विकल्प होइन, बाध्यता बनिसकेको छ ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट बञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट बञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्ये स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

पाठक मञ्च

## 'कर्मकाण्डी' नबनोस् उच्च पदस्थको सम्पत्ति छानबिन

मुलुकमा सुशासनको चर्चा चलिरहँदा बालेन्द्र शाह नेतृत्वको सरकारले २०६२/६३ पछिका उच्च पदस्थ अधिकारीहरूको सम्पत्ति छानबिन गर्न पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा पाँच सदस्यीय आयोग गठन गरी काम सुरु गरेको समाचारले आशा र संशय दुवै पैदा गरेको छ । एकातिर वर्षौंदेखि थुप्रिएको बेथिति र भ्रष्टाचारको पहाड खन्ने आँट सरकारले देखाएकोमा खुसी लाग्छ भने, अर्कोतिर नेपालमा आयोग गठन गर्ने तर त्यसका प्रतिवेदन दराजमा थन्क्याउने पुरानो रोगले कतै यो प्रयास पनि सस्तो लोकप्रियतामामात्र सीमित हुने त होइन भन्ने डर छ ।

आयोगको कार्यक्षेत्र निकै फराकिलो र चुनौतीपूर्ण देखिन्छ । पूर्वराजा ज्ञानेन्द्र शाहदेखि बहालवाला राष्ट्रपति रामचन्द्र पौडेलसम्म, अनि १७ पूर्वप्रधानमन्त्रीदेखि दर्जनौं मुख्यसचिव र सचिवहरूलाई छानबिनको राडारमा राखिनु सामान्य कुरा होइन । २०५८ सालमा भैरवप्रसाद लम्सालको नेतृत्वमा बनेको आयोगले ४० हजारभन्दा बढीलाई पत्र काटे पनि त्यसको प्रतिवेदन सार्वजनिक नहुनु र शाही शासनकालको 'शाही आयोग' खारेज हुनुले विगतका यस्ता प्रयासहरू कि त राजनीतिक प्रतिशोधका लागि प्रयोग भए, कि त शक्तिको अगाडि निरीह बने ।

अहिलेको आयोगको सबैभन्दा बलियो पक्ष भनेको यसको कार्यान्वयनको समयसीमा हो । प्रतिवेदन बुझाएको ४५ दिनभित्र सरकारले अनिवार्यरूपमा कार्यान्वयन गर्नुपर्ने र आयोगमा खटिने कर्मचारीलेसमेत आफ्नो सम्पत्ति सार्वजनिक गर्नुपर्ने प्रावधानले केही आशा जगाएको छ । तर, प्रश्न उठ्छ- के नेपालको वर्तमान कर्मचारीतन्त्र र राजनीतिक संयन्त्र आफ्नै 'आका'हरू विरुद्ध हुने छानबिनमा इमानदार रहला ? के अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकाय हुँदाहुँदै अर्को आयोग बनाउनुले राज्यको स्रोतको दोहोरो खर्चमात्र त हुँदैन ? पूर्वसचिव उमेश मैनालीले उठाएको प्रश्न मननीय छ । यदि अख्तियारलाई नै साधन स्रोत र जनशक्तिले सम्पन्न बनाएर स्वतन्त्ररूपमा काम गर्न दिएको भए सायद यस्ता तदर्थ आयोगहरूको आवश्यकता पर्ने थिएन ।

भ्रष्टाचारले नेपालको जरा खोक्रो बनाएको छ । सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको जीवनशैली र उनीहरूको आयस्रोतबीच कतै पनि तालमेल देखिँदैन । सामान्य कर्मचारीदेखि उच्च नेताहरूको अस्वाभाविक सम्पत्ति आर्जनले इमानदार नागरिकलाई गिज्याइरहेको छ । यस्तो अवस्थामा २०६२ सालयताका सबै उच्च पदस्थको स्वदेश र विदेशमा रहेको सम्पत्ति खोजबिन गर्नु ऐतिहासिक कदम हुन सक्छ । तर, यो कदम कसैलाई राजनीतिक रूपमा समाप्त पार्ने अस्त्रमात्र बन्नु हुँदैन । यदि यो आयोगले निष्पक्षरूपमा काम गरेर दोषीलाई कानुनी कठघरामा उभ्याउन सक्यो भनेमात्रै जनस्तरमा सरकारप्रतिको विश्वास बढ्ने छ ।

अन्त्यमा, आयोगका सदस्यहरूको पृष्ठभूमि र उनीहरूले लिएको शपथले एउटा नैतिकताको कसीमा उनीहरूलाई उभ्याएको छ । 'जेन-जी' आन्दोलनपछिको बदलिएको राजनीतिक परिवेशमा जनता अब प्रतिवेदनमात्र होइन, परिणाम चाहन्छन् । सरकारले पनि यो आयोगलाई केवल 'स्टन्ट'का रूपमामात्र प्रयोग नगरी यसलाई सुशासनको एउटा बलियो खम्बा बनाउनुपर्छ । अन्यथा, विगतका आयोगहरूजस्तै यो पनि राज्यकोष सिध्याउने अर्को माध्यममात्र बन्ने निश्चित छ ।

- **कविता लामा**
धुलिखेल, काभ्रेपलाञ्चोक

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-सम्पादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

१३ औं वार्षिकोत्सव
प्रभाव दैनिक
सुशासन विमर्श
शुक्रबार, ११ वैशाख २०८३ | Prabhab National Daily, Friday, April 24, 2026 | www.prabhabonlline.com

# नयाँ सरकार र सुशासन



उद्धव सिलवाल

अमेरिकी राजनीतिक वैज्ञानिक थोमस आर डाइका अनुसार सरकारले मुलुकको संविधान, नागरिकको अपेक्षा, अन्तर राष्ट्रिय प्रतिबद्धता आदिलाई सम्बोधन गर्ने सन्दर्भमा कुनै काम गर्न वा नगर्नका लागि लिने निर्णय नै सार्वजनिक नीतिको सार हो। सार्वजनिक नीति कार्यान्वयनमा कर्मचारी अर्थात् टेक्नोक्रेट्सको भूमिका महत्त्वपूर्ण हुन्छ।

करिब दुईतिहाइको वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासनलाई प्राथमिकता दिएको छ। शासकीय सुधारको १०० कार्यसूचीमा भ्रष्टाचार नियन्त्रण र सुशासनलाई प्राथमिकता दिइएको छ। सुशासन ल्याउन सरकारले कानुनद्धारा नीति, पद्दति र थिति बसाल्न सक्नुपर्छ। सरकार भनेको जनतालाई सेवा प्रदान गर्ने निकाय हो, प्रशासक होइन। त्यसैले सुशासन प्रक्रियामा राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था र नराम्रो काम गर्ने कर्मचारीलाई कारबाही गर्ने व्यवस्था पनि अब तत्काले सुरु गर्नुपर्ने देखिएको छ।

त्यसैगरी अर्का राजनीति वैज्ञानिक एवं लेखक एड्रा सुलेमानले भनेका छन्, 'सार्वजनिक सेवा यस्तो साधन हो। जसबाट लोकतन्त्रको वैधानिकता सुदृढ वा कमजोर हुन्छ। यसको अभाव, अकुशलता र राजनीतिकरणले समाजको सुशासनमा असाधारण प्रभाव पार्न सक्छ।' उनले भनेजस्तै हामीकहाँ शासकले आमनागरिकलाई नदेख्ने र ब्युरोक्रेसीले सेवाग्राहीलाई सेवा नदिने संस्कार विकास भएको कारण आमनागरिकमा शासक र ब्युरोक्रेसीतर्फ तीव्र असन्तोष बढिरहेको थियो। सुशासनले समाजमा रहेका नागरिकलाई

> उत्पादनमा आधारित अर्थतन्त्रले प्राथमिकता पाउन नसकेका कारण बजारमा वस्तु तथा सेवाको बिक्री न्यून रहेको छ। यसले आर्थिक गतिविधि र कारोबार घटाउन सहयोग पुऱ्याइरहेको छ। पुँजीगत खर्च गर्न नसक्दा अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन। राज्यले शिक्षा, स्वास्थ्य, रोजगारीमूलक क्षेत्रमा खर्च गर्न नसक्दा मुलुक तुलनात्मक रूपमा कमजोर बनेको छ।

पारदर्शिता, जवाफदेहिता, सहभागिता, कानुनी शासन, प्रभावकारिता र समानता जस्ता सिद्धान्तमा आधारित असल शासन दिने प्रणालीलाई बुझाउँछ। यो भनेको असल शासन तथा प्रशासनिक अधिकारको समुचित प्रयोग हो। तर, यो हुन सकेन।

उत्पादनमा आधारित अर्थतन्त्रले प्राथमिकता पाउन नसकेका कारण बजारमा वस्तु तथा सेवाको बिक्री न्यून रहेको छ। यसले आर्थिक गतिविधि र कारोबार घटाउन झन सहयोग पुऱ्याएको जस्तो देखिन्छ। आयात र निर्यात व्यापारबीचको खाडल कम हुनुपर्नेमा बढिरहेको छ। सरकारले पुँजीगत खर्च गर्न नसक्दा अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन। राज्यले शिक्षा, स्वास्थ्य, रोजगारीमूलक क्षेत्रमा खर्च गर्न नसक्दा मुलुक तुलनात्मकरूपमा कमजोरजस्तै रहेको छ। केन्सियन अर्थशास्त्री जोन मेनार्ड केन्सले आर्थिक मन्दी र बेरोजगारीको अवस्थामा सरकारको सक्रिय हस्तक्षेप आवश्यक हुने तर्क गरेजस्तो बजार सधैं पूर्ण रोजगारी र सन्तुलनमा रहँदैन। सार्वजनिक खर्चमार्फत माग व्यवस्थापन गर्नुपर्छ।

त्यसैले राज्यले अर्थतन्त्रका नयाँ-नयाँ मोडलहरूको खोजी गर्नुपर्ने देखिएको हो। राज्यको प्रत्येक दिनको काम सक्न, नयाँ कार्यक्रम लागू गर्न, संस्थाहरूको संस्थागतरूपमा व्यवस्थापन गर्न, सामाजिक दबाव धान्न, सामाजिक सुरक्षाको व्यवस्थापन गर्न, कानुनी राज्यको मान्यताअनुसार शान्ति, सुरक्षा बहाल गर्न राज्यलाई स्रोत आवश्यक पर्छ। यी सबै काम अर्थतन्त्र बलियो भएको अवस्थामामात्र सम्भव हुने हुँदा यसतर्फ पनि ध्यान दिनुपर्ने देखिएको छ। वर्तमान सरकारले उत्पादनमा आधारित अर्थतन्त्रलाई उच्च प्राथमिकता दिई त्यस्तो कार्यलाई अघि बढाउनुपर्ने समय आएको छ। कृषिलाई आधुनिकीकरण गर्ने, पर्यटन क्षेत्रमा नयाँ योजना ल्याउने, धार्मिक र सामाजिक पर्यटकलाई आकर्षित गर्न त्यस्ता पर्यटकहरूलाई चलायमान बनाउने व्यवस्था ल्याउनुपर्ने देखिएको छ।

## सार्वजनिक ऋणको अवस्था

गत आर्थिक वर्ष सकिँदासम्म मुलुकको कूल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब रूपैयाँ पुगेको थियो। यो कूल गार्हस्थ उत्पादन (जिडिपी) को ४३.७९ प्रतिशत हो। चालु आर्थिक वर्षको चैत मसान्तसम्म सार्वजनिक ऋण अर्थ मन्त्रालयअन्तर्गतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार २९ खर्ब ३३ अर्ब ७९ करोड रूपैयाँ पुगेको छ।

बढेको यस ऋणसँगै अब नेपालको कूल सार्वजनिक ऋण देशको कूल गार्हस्थ्य उत्पादनको झण्डै आधा अर्थात् ४८.०४ प्रतिशत पुगेको छ। कूल सार्वजनिक ऋणमध्ये बाह्य (वैदेशिक) ऋणको हिस्सा बढी छ। १५ खर्ब ४५ अर्ब ६७ करोड रूपैयाँ अर्थात् कूल ऋणको ५२.६९ प्रतिशत र जिडिपीको २५.३१ प्रतिशत हो। त्यस्तै, आन्तरिक ऋण १३ खर्ब ८८ अर्ब ११ करोड रूपैयाँ छ। जुन कूल ऋणको ४७.३१ प्रतिशत र जिडिपीको २२.७३ प्रतिशत हो।

जुन मुलुकको आन्तरिक स्रोत, अनुदान र अन्य आयले चालु र पुँजीगत खर्च व्यहोर्न पुग्दैन, यस्ता मुलुकले सार्वजनिक ऋण उठाएर खर्च चलाउने गर्छन्। नेपालको सन्दर्भमा पनि यही हो। सरकारले बनाएको न्यून बजेटको स्रोत पुरा गर्न, दैवी प्रकोप, महामारीजस्ता आकस्मिक खर्चका लागि स्रोतको व्यवस्था गर्न, आर्थिक मन्दी र मुद्रास्फीतिको समस्या समाधान गर्न, प्रतिकूल व्यापार सन्तुलनको समस्या समाधान गर्न सार्वजनिक ऋण उठाउनुपर्ने हुन्छ। केही मुलुकहरूले अर्को मुलुकसँग युद्ध गर्न स्रोत नपुगेको अवस्थामा ऋण लिने गर्छन्। नेपालमा आर्थिक वर्ष २०१७/१८ देखि सरकारले आन्तरिक ऋण उठाउन सुरु गरेको हो। राष्ट्र ऋण ऐन, २०१७ ले आन्तरिक ऋण उठाउने सम्बन्धमा व्यवस्था गरेको देखिन्छ।

पछिल्लो १० वर्षमा बढ्दै आएको बजेटको आकार, राजस्वको वृद्धि र सार्वजनिक ऋणको आकारलाई हेर्दा ऋण धेरै लिनुमा जथाभावीरूपमा बजेट बढाउनु प्रमुख कारण देखिएको छ। यो बीचमा जुन प्रतिशतले बजेट बढाइएको छ त्यसअनुसार राजस्व बढ्न सकेको छैन। राजस्व बढाउन नसक्ने देखिएपछि सबै सरकारले घाटा बजेट प्रस्तुत गरेका छन् र त्यसलाई पूर्ति गर्न सार्वजनिक ऋण उठाएका छन्।

आर्थिक वर्ष २०७३/७४ मा सरकारले १० खर्ब ४८ अर्ब रूपैयाँको बजेट ल्याएको थियो। त्यही वर्ष सात खर्ब ३१ अर्ब रूपैयाँ राजस्व उठेको थियो। यस्तै सोही वर्ष सार्वजनिक ऋण छ खर्ब ९७ अर्ब रूपैयाँ थियो। यसको नौ वर्षपछि गत आवसम्ममा

> नेपालको विद्यमान आर्थिक र प्रशासनिक संकट समाधानका लागि केवल नीतिगत प्रतिबद्धतामात्र पर्याप्त छैन, बरु नतिजामुखी सुशासन र उत्पादनमूलक लगानीबीचको तादात्म्य मिल्नु अनिवार्य देखिन्छ। सार्वजनिक ऋणको भार बढ्दै जाँदा त्यसलाई उपभोग र अनुत्पादक प्रशासनिक खर्चमा होइन, कृषिको आधुनिकीकरण, पर्यटन र उद्योगजस्ता प्रतिफल दिने क्षेत्रमा केन्द्रित गर्नुपर्छ। कर्मचारीतन्त्रलाई राजनीतिमुक्त बनाई "पुरस्कार र दण्ड" को व्यवस्था कडाइका साथ लागू गर्दै सेवा प्रवाहमा पारदर्शिता ल्याउन सकेमात्र आमनागरिक र युवा पुस्तामा राज्यप्रतिको भरोसा फर्कने छ।

आउँदा बजेटको आकार १८ खर्ब ६० अर्ब पुगेको छ भने राजस्व असुली ११ खर्ब २८ अर्ब रूपैयाँ भएको छ। यस्तै सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब पुगेको छ। गएको नौ वर्षमा बजेटको आकार ७७.३० प्रतिशतले बढ्दा राजस्व असुली जम्मा ५४.३० प्रतिशतलेमात्र बढेको छ। यही कारण सार्वजनिक ऋण २८३.६४ प्रतिशतले वृद्धि हुन पुगेको हो। बजेटको आकार जसरी बढाइएको छ, त्यसको तुलनामा राजस्व बढ्न नसक्दा सरकारको ऋणको आकार चुलिएको पछिल्लो नौ वर्षको तथ्यांकले देखाएको छ।

हाम्रो जस्तो पूर्वाधार कमजोर भएको मुलुकमा आन्तरिक आयले पूर्वाधार निर्माण गर्न स्रोत नपुग्दा सार्वजनिक ऋण लिनु बाध्यता हो। ऋण लिनु आफैंमा चुनौती हो। चुनौती यस अर्थमा कि यसको सदुपयोग हुन्छ वा हुँदैन। ऋण लिएर अनावश्यक क्षेत्रमा खर्च गरियो र त्यसबाट कुनै किसिमको आर्थिक फाइदा भएन भने यो ठूलो चुनौती हो। तर राज्यका लागि अतिआवश्यक ठाउँमा खर्च गर्ने र त्यसबाट प्रतिफल पनि प्राप्त हुन्छ भने ऋण लिनु चुनौती होइन, अवसर हो।

अर्कोतिर ठूलो स्तरमा सार्वजनिक ऋण लिए वित्तीय असन्तुलनको खतरा बढ्न सक्छ। ऋणको साँवा ब्याज भुक्तानीमा ठूलो रकम विनियोजन गर्नुपर्दा सरकारलाई पुँजीगत खर्चमा चाप पर्छ। सरकारले पुँजीगत खर्च घटाएपछि आन्तरिक उत्पादनमा कमी आउने, पूर्वाधारका क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न नसक्ने अवस्था आउँछ।

(क्रमशः पृष्ठ ख मा)






## सुशासनका पहरेदार:

# नागरिक समाज र सञ्चारमाध्यम



विविशा पौडेल

सार्वभौम शक्तिका मालिक आमजनतालाई केन्द्रमा राखी उनीहरूको इच्छाबमोजिम सञ्चालित शासकीय परिपाटी नै सुशासन हो। यसलाई विधिको शासन, उच्च अनुशासन एवं कुशल व्यवस्थापनको समष्टीको रूपमा लिइन्छ। यसको अवधारणा राज्य प्रणालीसँगै भएको मानिन्छ भने सन् १९८९ मा विश्व बैंकले 'गुड गभर्नेन्स' शब्दको प्रयोग गरेको पाइन्छ।

सुशासन आधुनिक लोकतन्त्रको राज्य व्यवस्थाका रूपमा स्थापित भएको अवधारणा हो। सुशासनमा राज्यबाट प्रवाह हुने सेवाहरू गुणस्तरीय र नागरिकमैत्री हुनुपर्छ। यसमा पारदर्शिता, उत्तरदायित्व, सहभागिता, विधिको शासन, समावेशिता, प्रभावकारिता र न्यायिक समानताजस्ता आधारभूत विषयहरू समेटिन्छ। कुनै पनि राज्यको राजनीतिक स्थायित्व, आर्थिक विकास, सामाजिक न्याय र नागरिक सन्तुष्टिको स्तर सुशासनको अवस्थासँग प्रत्यक्ष सम्बन्धित हुन्छ। तर जब सुशासनको अभाव हुन्छ, तब राज्य संयन्त्र कमजोर बन्छ, जसको फलस्वरूप भ्रष्टाचार बढ्छ र सुशासनको अस्तित्व समाप्त हुने अवस्था सिर्जना हुन्छ। त्यसैले सुशासन केवल सरकारको नीति वा घोषणामा सीमित रहने विषय होइन, यो व्यवहारमा कार्यान्वयन हुनुपर्ने जीवित प्रक्रिया हो।

सुशासनलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न केवल सरकारी निकायहरू पर्याप्त हुँदैनन्। यसका लागि नागरिक समाज र सञ्चारमाध्यमको सक्रिय भूमिका अपरिहार्य हुन्छ। यी दुवै संस्थाहरूले सरकारलाई उत्तरदायी बनाउने, गलत कार्यहरूको निगरानी गर्ने र नागरिकको आवाजलाई सशक्त बनाउने कार्य गर्छन्। त्यसैले सुशासन एउटा त्रिपक्षीय संरचनामा आधारित छ, यसमा सरकार, नागरिक र सञ्चारमाध्यम रहेका हुन्छन्। यी प्रत्येक पक्षले आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्छ।

नागरिक समाज भन्नाले राज्य र बजारभन्दा बाहिर रहेका स्वतन्त्र र स्वैच्छिक संगठनहरू, समूहहरू, अभियानहरू तथा सक्रिय नागरिकहरूको समष्टीलाई जनाउँछ। यसमा गैरसरकारी संस्था, सामुदायिक संगठन, पेसागत संघसंस्था, मानवअधिकार समूह, महिला तथा संगठन र विभिन्न सामाजिक अभियानहरू समावेश हुन्छन्। नागरिक समाज लोकतन्त्रको तृतीय क्षेत्रको रूपमा चिनिन्छ, जसले सरकार र जनताको बीचमा सेतुको काम गर्छ। यसले नागरिकको आवश्यकता, अपेक्षा र समस्याहरूलाई सरकारसमक्ष पुर्‍याउनेमात्र होइन, सरकारका नीति र कार्यक्रमहरूको मूल्यांकन गरेर सुधारका लागि दबाब पनि सिर्जना गर्छ।

सुशासनमा नागरिक समाजको भूमिका बहुआयामिक हुन्छ। नागरिक समाजले नीतिगत तहदेखि कार्यान्वयन तहसम्म सरकारको गतिविधिहरूको निगरानी गर्छ। उदाहरणका लागि कुनै नयाँ कानुन वा नीति ल्याउँदा त्यसले कसलाई फाइदा गर्छ, र यसको दीर्घकालीन प्रभाव के हुन्छ भन्ने विषयमा नागरिक समाजले गहिरो अध्ययन गर्छ। यसले वैकल्पिक सुझावहरू बनाउन मद्दत गर्छ। त्यसैले नागरिक समाज नीति निर्माणको 'वाच डग' मात्र होइन नीति

(क्रमशः पृष्ठ घ मा)

> सुशासनको सुदृढीकरणका लागि नागरिक समाज र सञ्चारमाध्यम अपरिहार्य छ। यी संस्थाहरूले पारदर्शिता, उत्तरदायित्व र जनसहभागितालाई सुनिश्चित गर्दै लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सघाउँछन्। तर, यी संस्थाहरु आफैं पनि जिम्मेवार, निष्पक्ष र पारदर्शी हुनु आवश्यक छ।

हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिकले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं।

Yatra H.R. Solution Pvt. ltd
Old Baneshwor-9, Kathmandu, Nepal,
T: +977-1-4114682, +977-1-4114683, 9851046305
Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com,
Web: www.yatrahrsolution.com
Govt.Lic. No. 1096/073/74

हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu
Phone No: 01-4960635, 4952265,
4960635 Mobile No. : 9816501787
Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं ४४१/०६०/६१

हार्दिक बधाई तथा शुभकामना

प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा राष्ट्रिय दैनिकको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

RAJ GROUP OF COMPANIES
Basundhara–3, Kathmandu, Nepal
Tel : 0977-01-5903550, 5903660
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



For Trade Inquiries:
Kathmandu: 01-5149566 | Birtamode: 023-531196 | Biratnagar: 021-512758 | Janakpur: 041-523963 | Birgunj: 051-524861 | Narayanghat: 056-537768 | Pokhara: 061-578103 | Butwal: 071-424270 | Bhairahawa: 071-573441 | Nepalgunj: 081-531123 | Dhangadhi: 091-520855

# नागरिक समाज...




निर्माणमा रचनात्मक भूमिकामा पनि रहन्छ। साथै, नागरिक समाजले सार्वजनिक सेवा प्रवाहको निगरानी गर्छ। स्वास्थ्य, शिक्षा, खानेपानी, सडक, सामाजिक सुरक्षाजस्ता क्षेत्रमा सरकारद्वारा प्रदान गरिएका सेवाहरू गुणस्तरीय छन् कि छैनन् भन्ने कुरामा यसले ध्यान दिन्छ। यदि सेवा प्रवाहमा ढिलासुस्ती, भ्रष्टाचार वा विभेद देखिन्छ भने नागरिक समाजले त्यसको विरोध गर्दै सुधारको माग गर्छ। यसले जनसुनुवाइ, सामाजिक परीक्षण र जनअभियानहरू सञ्चालन गरेर जनतालाई सशक्त बनाउँछ।

सञ्चारमाध्यमले पनि सुशासनको अत्यन्त शक्तिशाली अंग हो। यसले सूचना संकलन, विश्लेषण र प्रसारण गर्ने एक कार्यमार्फत समाजमा चेतना फैलाउँछ। स्वतन्त्र, निष्पक्ष र जिम्मेवार सञ्चारमाध्यमविना सुशासनको कल्पना गर्न सकिँदैन। सञ्चारमाध्यमले सकारका निर्णयहरू, नीति र कार्यहरूलाई सार्वजनिक गर्न बाध्य बनाउँछ। जसले गर्दा नागरिकहरूलाई सुसूचित बनाई उनीहरूलाई सरकारको निर्णय प्रक्रियामा सहभागिता हुन प्रेरित गर्छ।

राज्यका प्रमुख तीन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामाथि प्रत्यक्ष निगरानी गर्ने सञ्चारमाध्यमले सुशासन कायम गराउन सशक्त भूमिका खेल्दछ। सरकारी निकायहरूमा हुने भ्रष्टाचार, शक्तिको दुरूपयोग र अनियमिततालाई उजागर गर्छ। खोज पत्रकारितामार्फत सञ्चारमाध्यमले लुकेका तथ्यहरू सार्वजनिक गर्न सक्छ, जसले कानुनी कारवाही र नीतिगत सुधारको बाटो खोल्छ। उदाहरणका रूपमा सार्वजनिक कोषको दुरूपयोग, अनियमित ठेक्का प्रक्रिया तथा प्रशासनिक भ्रष्टाचारजस्ता विषयहरू सञ्चारमाध्यमबाट उजागर गरी यस्ता क्रियाकलाप हुन नदिन सक्छ।

नागरिक समाज र सञ्चारमाध्यमबीचको सम्बन्ध पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ। नागरिक समाजका मुद्दाहरूलाई सञ्चारमाध्यमले व्यापकरूपमा प्रसारण गर्छ, जसले जनसमर्थन बढाउँछ।

साथै सञ्चारमाध्यमले उठाएका मुद्दाहरूलाई नागरिक समाजले संस्थागत रूपमा अघि बढाउँछ। जसले गर्दा

(क्रमशः पृष्ठ ६ मा)

> सुशासनमा नागरिक समाजको भूमिका बहुआयामिक हुन्छ। नागरिक समाजले नीतिगत तहदेखि कार्यान्वयन तहसम्म सरकारको गतिविधिहरुको निगरानी गर्छ। उदाहरणका लागि कुनै नयाँ कानुन वा नीति ल्याउँदा त्यसले कसलाई फाइदा गर्छ, र यसको दीर्घकालीन प्रभाव के हुन्छ भन्ने विषयमा नागरिक समाजले गहिरो अध्ययन गर्छ। यसले वैकल्पिक सुझावहरु बनाउन मद्दत गर्छ।

> नागरिक समाज र सञ्चारमाध्यमबीचको सम्बन्ध पनि अत्यन्त महत्वपूर्ण हुन्छ। नागरिक समाजका मुद्दाहरुलाई सञ्चारमाध्यमले व्यापकरुपमा प्रसारण गर्छ, जसले जनसमर्थन बढाउँछ। साथै सञ्चारमाध्यमले उठाएका मुद्दाहरुलाई नागरिक समाजले संस्थागत रुपमा अघि बढाउँछ। जसले गर्दा यी दुईबीचको सहकार्यले सुशासनलाई अझ सुदृढ बनाउँछ।





हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिकले निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
कैलाश खड्का
अध्यक्ष
तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ परिवार
काठमाडौं, नेपाल.
NHPF
काठमाडौं नेपाल, फोन नं.०१- ४१११०२१, ०१-४१११०९२

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिकले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं।
All Skills International Human Resource Pvt.Ltd.
Maharajganj-3, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : + 977-1-4362800
E-Mail : Allskillsintl@Gmail.Com, Allskillskishor@Gmail.Com,
Website : Www.Allskillsintl.Com

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं।
Saudi Nepal Recruitment Agency Pvt.Ltd.
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.com, Website : www.saudinepal.com
श्रम ईजाजत नं ७९७/०६५/०६६

# नागरिक समाज...

साथै सञ्चारमाध्यमले उठाएका मुद्दाहरूलाई नागरिक समाजले संस्थागत रूपमा अघि बढाउँछ । जसले गर्दा यी दुईबीचको सहकार्यले सुशासनलाई अझ सुदृढ बनाउँछ । त्यसैले नागरिक समाज र सञ्चारमाध्यम दुवै सशक्त, स्वतन्त्र र जिम्मेवार भए भने सरकारमाथि प्रभावकारी निगरानी सम्भव हुन्छ ।

तर व्यवहारमा हेर्दा नागरिक समाज र सञ्चारमाध्यमको भूमिका सधैं सकारात्मकमात्र हुँदैन । कहिलेकाहीं यी संस्थाहरू पनि विभिन्न स्वार्थ, राजनीतिक प्रभाव वा आर्थिक दबाबबाट प्रभावित भएको पाइन्छ । उदाहरणका रूपमा, गलत सूचना फैलाउन सक्छन् । साथै व्यावसायिक हितलाई प्राथमिकता दिन सक्छन् । यसले जनविश्वासमा कमी ल्याउँछ र सुशासनमा नकारात्मक प्रभाव पार्छ । त्यसैले सञ्चारमाध्यममा पेसागत नैतिकता, तथ्यमा आधारित रिपोर्टिङ र आत्मनियन्त्रण अत्यन्त आवश्यक देखिन्छ ।

नागरिक समाजमा पनि चुनौतीहरू प्रशस्त छन् । कतिपय गैरसरकारी संस्थाहरूमा पारदर्शिता र उत्तरदायित्वको अभावमा आलोचित भएको पाइन्छ । केही संस्थाहरूले कुनै कार्यक्रम, परियोजनाका लागि कुनै बाह्य संस्था वा दाताको आर्थिक सहयोग र निर्देशनमा सञ्चालन भएको पाइन्छ । यसरी बाह्य संस्थाहरूद्वारा सञ्चालित भएर स्थानीय आवश्यकताभन्दा बाह्य एजेण्डामा केन्द्रित हुने अवस्था आएको छ । यस्तो अवस्था सिर्जना हुँदा सुशासनमा नागरिक समाजको भूमिका खुम्चिँदै गएको छ । त्यसैले नागरिक समाजले पनि आफ्ना कार्यहरूमा पारदर्शिता, समावेशिता र उत्तरदायी प्रणाली कायम राख्न जरुरी छ ।

नेपालको सन्दर्भमा हेर्दा सुशासनको अवस्था मिश्रित देखिन्छ । लोकतन्त्रको स्थापना र संघीय संरचनाको कार्यान्वयनपछि सुशासन सुधारका लागि विभिन्न प्रयासहरू भएका छन् । स्थानीय तहमा अधिकारको विकेन्द्रीकरणले सेवा प्रवाहलाई नजिक ल्याएको छ । तर क्षमता अभाव, स्रोत साधनको दुरूपयोग र पारदर्शिताको कमीजस्ता समस्याहरू अझै पनि कायमै छन् ।

यस्तो अवस्थामा सरकारलाई निगरानी गर्न नागरिक समाज र सञ्चारमाध्यमको अझ महत्त्वपूर्ण भूमिका रहन्छ ।

नेपालमा नागरिक समाजले विभिन्न आन्दोलनहरूमा महत्त्वपूर्ण भूमिका खेलेको छ । जस्तै: लोकतान्त्रिक आन्दोलन, मानवअधिकार संरक्षण, महिला अधिकार र सामाजिक न्यायका अभियानहरूद्वारा नागरिकलाई सचेत र सशक्त बनाएका छन् । यसरी नागरिक समाजले जनचेतना अभिवृद्धि गर्दै सरकारलाई उत्तरदायी बन्न योगदान दिएको छ । साथै, सञ्चारमाध्यमले पनि भ्रष्टाचारजन्य गतिविधिको उजागर गर्ने, नागरिकका समस्या उठाउने र लोकतन्त्रको रक्षा गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

डिजिटल युगको आगमनसँगै सञ्चारमाध्यमको स्वरूप पनि परिवर्तन भएको छ । सामाजिक सञ्जाल, अनलाइन पत्रकारिता र डिजिटल प्लेटफर्महरूले सूचना प्रवाहलाई तीव्र बनाएका छन् । जसले नागरिक सशक्त बनाएको छ । साथै, गलत सूचना र दुष्प्रचारको जोखिम पनि बढाएको छ । यस्तो अवस्थामा सञ्चारमाध्यमको जिम्मेवारी झन् बढेको देखिन्छ । सूचना प्रवाहमा तथ्य जाँच गर्ने, विश्वसनीयता कायम राख्ने र सही सूचनामात्र प्रवाह गर्न सञ्चारमाध्यम जिम्मेवार बन्नुपर्छ ।

सुशासन प्रवर्द्धनका लागि नागरिक समाज र मिडियालाई सशक्त बनाउने केही रणनीतिहरू आवश्यक छन् । त्यसका लागि पहिलोमा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको संरक्षण गर्नुपर्छ । दोस्रोमा सञ्चारमाध्यममा पेसागत क्षमता अभिवृद्धि गर्न तालिम र स्रोतहरू उपलब्ध गराउनुपर्छ । तेस्रो, नागरिक समाजलाई संस्थागतरूपमा सुदृढ बनाउन पारदर्शिता र उत्तरदायित्वका मापदण्डहरू लागू गर्नुपर्छ । त्यसैगरी प्रविधिको प्रयोगमार्फत खुला शासन व्यवस्थाको प्रवर्द्धन गर्नुपर्छ ।

अन्ततः सुशासन कुनै एक पक्षको प्रयोगबाट सम्भव हुँदैन । यो सरकार, नागरिक समाज, सञ्चारमाध्यम र नागरिक सबैको साझा दायित्व हो । नागरिक समाज र सञ्चारमाध्यमले निगरानीमात्र होइन, रचनात्मक सहकार्य पनि गर्नुपर्छ । यसका लागि सरकारले पनि आलोचनालाई स्वीकार गर्दै सुधारका लागि तत्पर रहनुपर्छ ।

अतः सुशासनको सुदृढीकरणका लागि नागरिक समाज र सञ्चारमाध्यमको निगरानी अपरिहार्य छ । यी संस्थाहरूले पारदर्शिता, उत्तरदायित्व र जनसहभागितालाई सुनिश्चित गर्दै लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सघाउँछन् । तर, यी संस्थाहरू आफैं पनि जिम्मेवार, निष्पक्ष र पारदर्शी हुनु आवश्यक छ । जब सरकार, नागरिक समाज र सञ्चारमाध्यमबीच सन्तुलित सम्बन्ध र सहकार्य कायम हुन्छ, तबमात्रै सुशासनको वास्तविक स्वरूपअनुसार कार्यसम्पादन हुन्छ । सरकार सुशासनको नीतिअनुरूप अघि बढेमा राष्ट्रमा समृद्धि, न्याय, शान्ति र दिगो विकासको मार्गमा अघि बढ्न सक्छ ।


हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com



हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा राष्ट्रिय दैनिकको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
PARADISE INTERNATIONAL (P.) LTD.
Paradise International Pvt. Ltd.
Bakhundol, Lalitpur
(Sarbanga Hospital Road, Kupondol, (Nearby Norway Embassy)
Contact No. 5534042, 5522063, 9841716671
Email : Email: admin@paradise.com.np



हार्दिक बधाई तथा
शुभकामना
१३ औं वार्षिकोत्सव
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा राष्ट्रिय दैनिकको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Al Secure Manpower Recruitment Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal,
Tel: +977 1 4590800
Email : operation@smrnepal.com



www.machbank.com
हाम्रो
माछापुच्छ्रे बैंक
जहिले छ हाम्रो साथ...

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

# सभ्य समाज र सुशासन



ममता थापा

मुलुकमा सुशासनको नारा नयाँ होइन । विभिन्न समयमा भएका राजनीतिक परिवर्तनका प्रमुख एजेण्डामध्येको एक सुशासन बन्दै आएको हो । तर, पटक-पटकको राजनीतिक परिवर्तनले पनि सुशासनलाई किन संस्थागत गर्न सकेन ? यो अहिलेको गम्भीर प्रश्न छ । पछिल्लोपटक गत भदौ २३ मा भएको जेन-जी विद्रोहको मुख्य एजेण्डा नै सुशासन थियो । सोही आन्दोलनको बलमा गत फागुन २१ मा भएको आमनिर्वाचनमार्फत नयाँ शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को उदय भएको छ । करिब दुईतिहाइ बहुमतसहित बालेन्द्र शाहको नेतृत्वमा बनेको रास्वपा सरकारले सुशासनलाई नै प्राथमिकतामा राखेर कार्ययोजनाहरु अगाडि बढाएको अवस्था छ ।

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) ले सुशासनलाई एक प्रक्रियाको रूपमा व्याख्या गर्दै भनेको छ, 'सुशासन भनेको देशको मामिला व्यवस्थापन गर्नका लागि प्रयोग गरिने आर्थिक, राजनीतिक र प्रशासनिक अधिकारको अभ्यास हो । यसले नागरिकहरूको हितको रक्षा, कानुनी शासनको पालना र पारदर्शितालाई समेट्छ ।' कानुनी शासनको अभावले नै मुलुकले अपेक्षित विकासको गति लिन नसकेको यथार्थ हामीमाझ छ । दुईतिहाइ नजिकको बहुमतप्राप्त बालेन्द्र सरकारबाट आमजनताले सुशासनको अपेक्षा राखेका छन् ।

त्यसो त सुशासन केवल राज्यबाट मात्र सम्भव हुने होइन, यसमा नागरिकको पनि उत्तिकै दायित्व हुन्छ । बेलायती दार्शनिक एडमण्ड बर्कले भनेका छन्, 'खराब मानिसको जित तबमात्र सम्भव हुन्छ, जब असल मानिसहरू केही नगरी चुपचाप बस्छन् ।' त्यसैले भ्रष्टाचार र अनियमितताविरुद्ध नागरिक बोल्नैपर्छ ।

लोकतन्त्रको शक्ति जनतामा निहित हुन्छ । यसको सुन्दरता केवल निर्वाचनको आवधिक चक्रमामात्र सीमित हुँदैन । धेरैलाई लाग्न सक्छ, पाँच वर्षमा एकपटक मतदान गरेपछि नागरिकको दायित्व सकियो । तर, लोकतन्त्रको वास्तविक सार त मतदानपछि सुरु हुने सरकार र नागरिकबीचको निरन्तर सहकार्यमा निहित छ । यही सहकार्यलाई मर्यादित र पारदर्शी बनाउने कडी नै 'सुशासन' हो । सुशासन केवल सरकारको कार्यशैली मात्र




होइन, यो त समाजको सामूहिक चरित्र र नागरिकको चेतनाको प्रतिबिम्ब पनि हो ।

सभ्य समाज निर्माण र सुशासन स्थापनाबीच अत्यन्तै निकटको सम्बन्ध हुने बताइन्छ । सभ्य समाज बन्न सुशासन अपरिहार्य हुन्छ भने सुशासनबिना हामीले चाहेको सभ्य समाजको कल्पना गर्न सकिँदैन । नेपालमा पनि विगत लामो समयदेखि सुशासनको बहस गर्दै आएको छ । मुलुक बनाउँछु भन्नेहरूको भाषणदेखि हरेक नागरिकले देखेको सपनामा सुशासन केन्द्रमा छ । तर यसको प्रभावकारी अभ्यास अझै पनि चुनौतीपूर्ण बनेको देखिन्छ । सुशासनको अभ्यास कानुनी समस्याले मात्र नभई सामाजिक संस्कार र नागरिकको भूमिकाका कारण पनि हुन नसकेको बुझ्न सकिन्छ ।

नेपालमा सुशासन सुनिश्चित गर्नका लागि संविधानदेखि विभिन्न ऐनमा कानुनी संरचना निर्माण गरिएको छ । हाम्रो संविधानले नै राज्य सञ्चालनलाई पारदर्शी र नागरिकप्रति उत्तरदायी बनाउने प्रावधान समेटेको छ । यसबाहेक सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले सार्वजनिक प्रशासनलाई प्रभावकारी,

(क्रमशः पृष्ठ ६६ मा)


हार्दिक बधाई तथा शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
AOS
APPOLO OVERSEAS SERVICES (P) Ltd
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM Tel : +977-1-4363648, 4364403,
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com

हार्दिक बधाई तथा शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले निरन्तररूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Munal Overseas Pvt. Ltd.
Kalamatidole, Airport, Kathmandu, Nepal.
Tel.: +977-01-4561297, 4562046, 9806758605
E-mail : munal465@gmail.com, Website : www.munaloverseas.com
श्रम इजाजत नं ९६५/०६०/०६१

हार्दिक बधाई तथा शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिकले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
PALIV INTERNATIONAL PVT.LTD
Lic No 1164/073/074
Paliv International Pvt. Ltd.
G.P.O Box 19936, Kathmandu Metropolitan City-4, Chapalkarkhana, Kathmandu, Nepal
Tel : +977-1-4418268, Mob No. 9801070598, Fax : +977-1-4420616
E-mail : info@palivinternational.com, palivinternational74@gmail.com

हार्दिक बधाई तथा शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिकले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
ABC Placement Pvt. Ltd.
Govt. license. 537/061/62
ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal
Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com
Website: www.abcplacement.com

हार्दिक बधाई तथा शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
SULAV SR Recruitment
Govt. License No. 1336/074/075
Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977- 5903011/5903012
Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

हार्दिक बधाई तथा शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
ICONIC
Iconic Hr Consultant Pvt Ltd
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal.
Tel: +977- 014548588, Mob No: 9816572430
E-mail: ram@iconic-hr.com, www.iconic-hr.com

# सभ्य समाज...

भ्रष्टाचारविरुद्ध आवाज उठाउनु नागरिकको अर्को महत्त्वपूर्ण जिम्मेवारी हो । समाजमा हुने अनियमितता देखेर पनि चुप बस्नु भनेको त्यसलाई मौन समर्थन गर्नु हो । 'हाइ प्रोफाइल' नै संलग्न रहेको भनिएको भुटानी शरणार्थीदेखि वाइडबडी विमान खरिद प्रकरण, मेलम्चीलगायत विभिन्न परियोजनाका ढिलासुस्तीजस्ता विषयमा हामीले राज्यलाई कसरी खबरदारी गर्‍यौं ? लोकतन्त्रमा गलत कार्यलाई रोक्न नागरिकको आवाज नै सबैभन्दा ठूलो शक्ति हो । यस्ता गतिविधि नियन्त्रण गर्न नागरिक सजग हुन आवश्यक छ । साथै, आफ्नो अमूल्य मतको प्रयोग गरेर योग्य प्रतिनिधि चयन गर्नु पनि उत्तिकै आवश्यक छ । नागरिकले आफ्नो मतको सही प्रयोग गर्न नसके शासन प्रणालीमा सुधारको अपेक्षा गर्नु व्यर्थ हुन्छ ।

सुशासनको सफलता केवल कानुनमामात्र नभई यसको व्यावहारिक कार्यान्वयन र नागरिकको सक्रियतामा निर्भर हुने कुरा अन्तर्राष्ट्रिय अभ्यासहरूले देखाएका छन् । नर्वे, स्वीडेन, फिनल्याण्डजस्ता देशहरूमा नागरिक र सरकारबीचको विश्वास अत्यन्त उच्च भएको पाइन्छ । त्यहाँ सरकारका निर्णय खुला हुन्छन् र नागरिकलाई सूचना सहजरूपमा उपलब्ध हुन्छ । नागरिकले सरकारी खर्च, नीति निर्माण र प्रशासनिक निर्णयबारे सजिलै जानकारी पाउन सक्छन् । यसले सरकारलाई सधैं पारदर्शी र नागरिकप्रति उत्तरदायी बनाइ राख्छ ।

डिजिटल शासन (इ-गभर्नेन्स)लाई सुशासनको अर्को महत्त्वपूर्ण आधारका रूपमा लिइन्छ । धेरै विकसित देशमा कर तिर्ने, नागरिकतासम्बन्धी सेवा, व्यवसाय दर्ता, मतदान गर्ने, स्वास्थ्य सेवा, शिक्षासम्बन्धी प्रक्रियालगायतका काम गर्न परे अनलाइनमार्फत सेवा पइन्छ । यसले मानिसको समयमात्र बचाउँदैन, भ्रष्टाचारको सम्भावना पनि घटाउँछ । राज्यले दिने सेवा प्रविधिमैत्री भए मानवीय हस्तक्षेप कम हुन्छ, जसकारण सेवा प्रविधिमार्फत स्वचालित हुन्छ र अनियमितता हुने सम्भावना पनि न्यून हुन्छ ।

सिंगापुरजस्ता देशले कडा कानुनी कार्यान्वयन र शून्य सहनशीलताको नीति अपनाएका छन् । त्यहाँ सानो गल्तीमा पनि कडा कारबाही हुने भएकाले नियम उल्लंघन गर्ने हिम्मत गर्न गाह्रो छ । केही पनि आफ्नो पद, शक्ति वा पहुँचका आधारमा कानुनभन्दा माथि हुन सक्दैन । नियम उल्लंघन गर्नेहरूलाई तुरुन्त कारवाही हुने भएकाले त्यस्ता मुलुकका नागरिक अनुशासित भएको पाइन्छ ।

नागरिक सहभागिता अन्तर्राष्ट्रिय अभ्यासको अर्को महत्त्वपूर्ण पक्ष हो । युरोपका जर्मनी, स्वीट्जरल्याण्डलगायत धेरै देशमा नीति निर्माण प्रक्रियामा नागरिक प्रत्यक्ष सहभागिता हुन पाउँछन् । यस्ता मुलुकले सार्वजनिक छलफल, सुझाव संकलन र जनमत आदिको आधारमा निर्णयहरू लिने गरेका छन् । यसले नीतिलाई व्यावहारिक र जनमुखी बनाउँछ । साथै, नागरिक स्वयं पनि जिम्मेवार हुन्छन् । राज्यलाई कर तिर्ने, नीति नियमको पालना गर्ने र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने विषयमा उनीहरू सचेत हुन्छन् ।

नेपालले यस्ता अन्तर्राष्ट्रिय अभ्यासबाट धेरै कुरा सिक्न सक्छ । यद्यपि हाम्रो स्थानीय सन्दर्भ, सामाजिक संरचना र आर्थिक अवस्थालाई भने ध्यानमा राख्न आवश्यक छ । कानुनको कार्यान्वयनविना सुधार सम्भव हुँदैन । त्यसैले हाम्रो परिप्रेक्षमा कार्यान्वयनको पक्षलाई सुदृढ बनाउन जोड दिनुपर्छ । डिजिटल प्रविधिको विस्तार गरेर सरकारी सेवा अनलाइनमार्फत उपलब्ध गराउँदा पारदर्शिता बढ्छ र नागरिकलाई सहज हुन्छ । साथै, अख्तियार, न्यायपालिका र अन्य नियामक निकायलाई स्वतन्त्र भएर काम गर्ने वातावरणको सुनिश्चित गर्नुपर्छ । योसँगै नागरिकलाई चेतनशील, जिम्मेवार अनुशासित बनाउन अत्यावश्यक छ । यसका लागि शिक्षा प्रणालीमा व्यापक सुधार आवश्यक देखिन्छ । सामाजिक मूल्यमान्यताका रूपमा इमान्दारिता, अनुशासन र उत्तरदायित्वलाई स्थापित गर्नुपर्छ ।

सभ्य समाज र सुशासन एकै सिक्काका दुई पाटा हुन् । सुशासनको वास्तविक सुरुवात सिंहदरबारबाट मात्र होइन, नागरिकको सोच र व्यवहारबाट हुन्छ । जब नागरिकले आफ्नो मतको सही प्रयोग गर्छन् र चुनिएका प्रतिनिधिमाथि निरन्तर खबरदारी गर्छन्, तबमात्र सुशासन नाराबाट व्यवहारमा परिणत हुन्छ । लोकतन्त्रलाई बलियो बनाउन मतदान गर्नेमात्र होइन, गलत काममा प्रश्न उठाउने आँट पनि उत्तिकै आवश्यक छ । सुशासनको मार्गचित्र नागरिकको सक्रियता र राज्यको जवाफदेहिताको संगमबाट मात्र तयार हुन सक्छ ।

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu
Phone No. 01-4110722 / 4110721, 9801061512, GPO Box No.:- 6163
E-mail : finejobrecruitment@gmail.com, web:- www.finejob.com.np

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिकले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
Govt. License 1284/074/75
S.N. Recruiting Service Pvt Ltd
Nagarjun-2, Kathmandu, Nepal
Tel: 014890823, 9803334884,
E-mail : snrecruitingnepal@gmail.com

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
Al Kausar Human Resource Pvt.Ltd.
(Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794
E-mail : alkausar.hrm@gmail.com

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिकले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
Govt. license. 537/061/62
Mashareq International Overseas Pvt.ltd
Sinamangal-9, Kathmandu, Nepal,
Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com,
Website: www.mashareqoverseas.com.np

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
I.M.G. Nepal Pvt. Ltd.
Lalitpur Metropolitan City-13,Ekantakuna, Lalitpur
Ph. No: +977-015415570, 9851065124, 9767488184/9801166991
Email : imgnepal2@gmail.com
Govt.lic. No. 1777/082/083

हार्दिक बधाई तथा
शुभकामना
१३
प्रभाव राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह-अवरोह पार गर्दै निरन्तर रूपमा आफ्नो प्रकाशनको १२ वर्ष पूरा गरी १३औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।
Mrs. Urmila Tamang
Langtang Skills Academy Pvt Ltd
Tel: 014971229, 9818510349
Email: langtangskills@gmail.com, Web: www.langtangoverseas.com
Govt. License 1643/080/081

www.jbbl.com.np
ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
परिवर्तनको ज्योति
नारी सम्मान बचत खाता
आत्मनिर्भरता तथा सम्मानको लागि



नि:शुल्क डेबिट कार्ड र मोबाइल बैंकिङ सुविधा
खाता खोल्ने बित्तिकै रु. १०० मोबाइल TOP-UP
लकर सेवा ५०% सम्म छुट
मासिक ब्याज भुक्तानी

# सुशासनको परीक्षाः घण्टी बज्यो, पालो डेलिभरीको



वैकुण्ठ भण्डारी

नेपालमा बढ्दै गएको बेथिति, भ्रष्टाचार, परिवारवाद, दलगत स्वार्थका कारण आजित युवाहरूको आक्रोश गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोहमा पोखियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्धलाई लिएर शान्तिपूर्ण विरोध भएको भनिएता पनि त्यसभित्र अनगिन्ती रडहरू अझै पनि पर्दा पछाडि नै छन् ।

२०४६ सालमा प्रजातन्त्र प्राप्तिअघिसम्म निर्दलीय पञ्चायती व्यवस्थाले नागरिकहरूको हक अधिकार कुण्ठित गरेकै कारण विद्रोह गर्नु परेको इतिहासलाई देखाउँदै प्रजातन्त्रलाई शिशु प्रजातन्त्र भन्ने राजनीतिक नेतृत्वहरू आफै बेमेल हुँदा २०४८ सालको आमनिर्वाचनमा बहुमत प्राप्त कांग्रेसको नेतृत्वका सरकार गठन भए पनि आन्तरिक लडाईका कारण तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उपनिर्वाचन गरे ।

पञ्चायतकालमा सीमित व्यक्ति र दरबारनिकटले मात्र राज्यको ढुकुटी दोहन गरे भन्ने आरोप लगाउँदै प्रजातान्त्रिक लडाईमार्फत बहुदलीय प्रजातन्त्र प्राप्तिपछि मुलुकलाई दलीय भागबण्डामा करिब ३५ वर्ष घिसार्ने काम भयो ।

पञ्चायतकालमा टेबलमुनिबाट चल्ने घुस प्रजातन्त्र प्राप्तिपछि टेबलमाथिबाट नै चल्न थाल्यो । भ्रष्टाचारको बीउमा मलजल बढ्यो । भ्रष्टाचारको बीउ रोपिरहँदा प्रशासन संयन्त्रमा प्रवेश गरेका कर्मचारीहरू अधिकांश अहिले नीति निर्माण गर्ने तहमा पुगेका छन् । जसले भ्रष्टाचार र बेथिति नियालेकामात्र छैनन् । नेताको टाउको देखाएर नेतासँगै भ्रष्टाचारमा रमाइरहेका पनि छन् ।

> प्रधानमन्त्री वालेन्द्र शाहबाट देशभित्रमात्र होइन देशबाहिर रहेका नेपालीहरूले पनि ठूलो अपेक्षा गरेका छन् । त्यसकारण पनि विभेदपूर्ण संविधान संशोधन गर्दै कानुनी संरचनालाई बलियो बनाउनु अपरिहार्य छ । भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न कानुन भए पनि तिनको प्रभावकारी कार्यान्वयनमा कमजोर बनाइएको छ । जसले कानुन कार्यान्वयन गर्ने हो उही भ्रष्टाचारमा रमाइरहेको छ । त्यसैले पनि ऐन, नियम र नीतिहरूलाई समयानुकूल परिमार्जन गर्दै कार्यान्वयन पक्षलाई कडाइका साथ अघि बढाउनु आवश्यक छ ।

त्यही भ्रष्टाचार र बेथितिको अन्त्य र मौलिक हक सुरक्षा गर्ने भन्दै ४६ सालमा प्रजातन्त्र प्राप्तिपछि जनताले सुख भोग गर्न पाउँछन् भन्ने 'ललिपप' देखाए पनि त्यो सफल हुन सकेन । संसदीय व्यवस्था काम छैन भन्दै २०५२ फागुन १ माओवादीका नामबाट सशस्त्र द्वन्द्व सुरु भयो । जनयुद्धका नामबाट गरिएको १० वर्षे युद्धले मुलुकलाई साँच्चै नै परिवर्तन ल्याउने आशा र अपेक्षा गर्दै युद्धमा होमिएकाहरू वा युद्धमा परेर १७ हजार नागरिकले ज्यान गुमाए । समाजवाद ल्याउँछु भनेर नेतृत्व लिनेहरू उही पुँजीवादीहरूसँग सहवासमा लागे ।

२०६२/६३ मा सबै दल मिलेर जनआन्दोलन गरे । जंगलमा रहेका र सहरमा रहेकाहरूले मुट्ठु जोडेर हिँडे । व्यवस्था परिवर्तन गर्न सफल भए । तर अवस्था भने आफ्नोमात्र परिवर्तन गरे, जनताको अवस्था उही रह्यो ।

सुशासन र भ्रष्टाचार न्यूनीकरणले मात्र नेपालजस्तो विकासोन्मुख देशका लागि अत्यन्तै महत्त्वपूर्ण विषय भएको भन्दै चर्का भाषण गर्दै जनताको आश्वासन थपिँदै गए । सुशासनलेमात्र राज्यका स्रोत साधनको प्रभावकारी उपयोग, सेवाको समान पहुँच र नागरिकको विश्वास कायम गर्न सक्छ भन्नेमा कसैको दुईमत रहेन । तर, भ्रष्टाचारमा लीप्त हुँदै नागरिकहरूमाथि ऋणको भारी बोकाउने काम दिनप्रतिदिन बढ्दै गयो ।

